# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२ ) काठमाडौं, साउन ७ गते २०५६ साल ( अतिरिक्ताङ्क ३५

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय जलस्रोत मन्त्री श्री विजयकुमार गच्छदार क्यानाडाको टोरण्टो एवं नियाग्रा फल्समा हुने राष्ट्रिय जल योजना सम्बन्धी छलफल र अमेरिकाको ओरेगनमा हुने हाइड्रो भिजन २००२ विषयक सम्मेलनमा भाग लिने सिलसिलामा २०५६ साल साउन ७ गते त्यसतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जलस्रोत मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह र स्थानीय विकास मन्त्री श्री खुमबहादुर खड्काले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री भक्तबहादुर बलायर नेपाल तथा भारतबीच विज्ञान तथा प्रविधिका क्षेत्रमा सहयोग आदान-प्रदान गर्ने उद्देश्यले २०५६ साल साउन ७ गते भारततर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय सामान्य प्रशासन मन्त्री श्री खेमराज भट्ट मायालुले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।